निस्दीगाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

मित्याल, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४

सूचना नं. ४५

विषय विज्ञको सूचीमा सूचिकृत हुने सम्बन्धमा ।

प्रकाशित मिति २०८३/०७/१६

श्री जो जससँग सम्बन्धित छ ।

शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९६क. को उपनियम (१) खण्ड (ग) प्रयोजनार्थ गाउँ शिक्षा समितिको मिति २०८३/०५/२५ को निर्णयानुसार शैक्षिक सत्र २०८३ देखि ८५ सम्मका लागि विषय विज्ञहरुको सूची तयार गर्नुपर्ने भएको हुँदा पाल्पा जिल्लामा कार्यरत देहाय बमोजिम योग्यता र अनुभव पुगेका इच्छुक शिक्षकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तलको लिंक वा QR कोड स्क्यान गरी प्राप्त गुगल फारम भर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

देहाय:

१. आवश्यक न्यूनतम योग्यता र अनुभव

- आधारभूत तहको लागि शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको र सम्बन्धित तहको स्थायी शिक्षक,
- माध्यमिक तहको लागि शिक्षा शास्त्रमा कम्तिमा स्नातकोत्तरतह उत्तीर्ण गरेको र सम्बन्धित तहको स्थायी शिक्षक,
- कम्तिमा ५ वर्षको स्थायी सेवा गरी अध्यापन अनुभव भएको,
- प्राविधिक धार तथा ऐच्छिक विषयको लागि कम्तिमा ५ वर्षको अध्यापन अनुभव भएको अस्थायी प्रशिक्षक/शिक्षकहरुले समेत फारम भर्न सक्ने ।
- विद्यालय कर्मचारी(लेखा) को हकमा माध्यमिक तहको लेखा विषय विज्ञको योग्यता भएको शिक्षक हुनुपर्नेछ ।
- माथिल्लो तहमा सूचिकृत भएको विषय विज्ञलाई आधारभूत तह (कक्षा ६-८) को सम्बन्धित विषय र आधारभूत तह (कक्षा १-५) मा विषय विज्ञको मान्यता दिइनेछ ।

२. संलग्न/अपलोड गर्नु पर्ने कागजातहरु

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- स्थायी/अस्थायी नियुक्ति पत्रको प्रतिलिपि,
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि,

लिंकः https://forms.gle/LgdJ3LJ3i8SBxvNT8नम

२०८३।०६।१६

पूर्ण बहादुर चितैरे

प्रमुख प्रशासकीय अधिकृत